# निक्षेप तथा कर्जा सुरक्षण कोष

## कोषमा रिक्त रहेका विभिन्न पदहरु खुल्ला प्रतिस्पर्धाद्वारा पदपूर्ति गर्ने सम्बन्धी केन्द्रिय कार्यालयको सूचना

**(प्रथम पटक प्रकाशित मिति : २०७५।०५।०८ गते शुक्रवार )**

लोक सेवा आयोगको सहमति अनुसार लिखित परीक्षा लोक सेवा आयोगबाट संचालन हुने गरी यस कोषमा रिक्त रहेका निम्न अधिकृत तथा सहायक पदहरु खुल्ला प्रतियोगिताद्वारा स्थायी रुपमा पदपूर्ति गर्नु पर्ने भएकोले देहाय बमोजिमको योग्यता पुगेका तथा कोषको कर्मचारी सेवा, शर्त सम्बन्धी विनियमावली, २०७४ को विनियम २२ अनुसार अयोग्य नठहरिएका नेपाली नागरिकहरुले यस कोषले उपलब्ध गराएको दरखास्त फारममा भएको विवरण उल्लेख गरी आफूले प्राप्त गरेको नागरिकता तथा एस.एल.सी. वा सो भन्दा माथिका शैक्षिक योग्यताको सम्पूर्ण प्रमाण पत्रको प्रतिलिपि स्वयं आफैले प्रमाणित गरी र हालै खिचिएको पासपोर्ट साइजको ३ (तीन) प्रति फोटो सहित दरखास्त फारम भरी यस कोषको केन्द्रिय कार्यालय, प्रशासन विभाग गहनापोखरीमा यो सूचना प्रकाशित भएको ३० दिन भित्र दरखास्त पेश गर्न आह्वान गरिएको छ। उक्त ३० दिन भित्र दरखास्त दिन नसक्ने व्यक्तिहरुले सो म्याद नाघेको ७ दिन भित्र दोब्बर दस्तुर तिरेर दरखास्त बुझाउन सक्नेछन्। आफूले दिने पदको लागि तोकिएको परीक्षा दस्तुर राष्ट्रिय वाणिज्य बैंक, टंगाल शाखा स्थित चल्तीखाता नं. ११६०००००३६७०१ मा जम्मा गरी सोको सक्कल भौचर दरखास्त साथ संलग्न हुनु पर्नेछ। दरखास्त पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट दरखास्त पेश गर्न सकिनेछ। म्याद भित्र दर्ता नभएको र रित नपुगी आएको दरखास्त उपर कुनै कारवाही हुने छैन।

| विज्ञापन नं | पद | तह | सेवा, समूह/ उपसमूह | आवश्यक न्यूनतम शैक्षिक योग्यता र कार्य अनुभव | आवश्यक संख्या | | | परीक्षा दस्तुर |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | काम गर्नु पर्ने स्थान | खुल्ला/ समावेशी | माग संख्या | |
| १/ २०७५/७६ | प्रबन्धक (सि.ए.) | ९ | प्रशासन | स्नातक तह उत्तिर्ण गरी CA, ACCA, CPA को परीक्षा उत्तिर्ण गरी संगठित संघ संस्थामा कम्तिमा ४ वर्षको कार्य अनुभव हुनुपर्ने। | के.का. काठमाडौं | खुल्ला | १ | रु. १,१००।- |
| २/ २०७५/७६ | नायब प्रबन्धक | ८ | प्रशासन | वाणिज्य, अर्थशास्त्र, वाणिज्य कानुन, सार्वजनिक प्रशासन, व्यवस्थापन विषय लिई स्नातकोत्तर तह प्रथम श्रेणीमा उत्तीर्ण गरी ३ वर्ष बैंक/वित्तीय संस्थामा अधिकृत तहमा सेवा गरेको हुनुपर्ने। | के.का. काठमाडौं | खुल्ला | १ | रु. ९००।- |
| ३/ २०७५/७६ | अधिकृत | ७ | प्रशासन | वाणिज्य, अर्थशास्त्र, वाणिज्य कानुन, सार्वजनिक प्रशासन, व्यवस्थापन विषय लिई स्नातकोत्तर तह प्रथम श्रेणीमा उत्तीर्ण गरी २ वर्ष बैंक/वित्तीय संस्थाको अधिकृत तहमा सेवा गरेको हुनुपर्ने। | के.का. काठमाडौं र शाखा कार्यालयहरु | खुल्ला | १ | रु. ८००।- |
| ४/ २०७५/७६ | सहायक अधिकृत | ६ | प्रशासन | वाणिज्यशास्त्र, अर्थशास्त्र, वाणिज्य कानून, सार्वजनिक प्रशासन, व्यवस्थापन विषय लिई स्नातकोत्तर तह उत्तिर्ण वा CA, ACCA, CPA उत्तिर्ण गरेको तर कोषको सेवामा स्थायी रुपमा कार्यरत कर्मचारीको हकमा कोषको हालको कर्मचारी सेवा विनियमावली,२०६३ स्वीकृत हुनु पूर्व जुनसुकै विषयमा स्नातकोत्तर गरेको भए पनि मान्यता दिइनेछ। | के.का. काठमाडौं र शाखा कार्यालयहरु | खुल्ला | २ | रु. ७००।- तर एउटै पदको खुल्ला र समावेशी तर्फको दरखास्त दिने उम्मेदवारको हकमा प्रति समावेशी पदका लागि थप रु. ३००।- |
| ५/ २०७५/७६ | सहायक अधिकृत | ६ | प्रशासन | | के.का. काठमाडौं र शाखा कार्यालयहरु | महिला | १ | |
| ६/ २०७५/७६ | सहायक अधिकृत | ६ | प्रशासन | | के.का. काठमाडौं र शाखा कार्यालयहरु | आ.ज. | १ | |
| ७/ २०७५/७६ | प्रधान सहायक | ५ | प्रशासन | मान्यताप्राप्त शिक्षण संस्थाबाट स्नातक तह उत्तिर्ण गरी न्यूनतम कम्प्युटरको Office Package को तालिम लिएको। | के.का. काठमाडौं र शाखा कार्यालयहरु | खुल्ला | २ | रु. ६००।- समावेशीमा संलग्न हुने भएमा प्रत्येक समूहको लागि थप रु. २००।- |
| ८/ २०७५/७६ | प्रधान सहायक | ५ | प्रशासन | | के.का. काठमाडौं र शाखा कार्यालयहरु | महिला | १ | |
| ९/ २०७५/७६ | वरिष्ठ कम्प्युटर सहायक | ५ | प्राविधिक | नेपाल सरकारद्धारा मान्यता प्राप्त शिक्षण संस्थानबाट कम्प्युटर विषयमा डिप्लोमा तह उत्तिर्ण। | के.का. काठमाडौं र शाखा कार्यालयहरु | खुल्ला | १ | रु. ६००।- |

१. **उम्मेदवारको उमेर** : दरखास्त दिने अन्तिम मितिसम्म अधिकृत स्तरको लागि २१ वर्ष पुरा भई ३५ वर्ष ननाघेको र सहायक स्तरको हकमा १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको हुनु पर्नेछ। महिला उम्मेदवारको हकमा माथिल्लो उमेरको हद ४० वर्ष ननाघेको हुनु पर्नेछ। तर यस कोषको सेवामा स्थायी रुपमा बहालवाला कर्मचारीलाई उमेरको हद लाग्ने छैन।

२. **परीक्षाको किसिम**: लिखित, अर्न्तवार्ता र कम्प्युटर विषय भएका पदको हकमा प्रयोगात्मक परीक्षा समेत हुनेछ।

३. **समकक्षता निर्धारण प्रमाणपत्र**: उपर्युक्त पदहरुमा दरखास्त दिने उम्मेदवारले विदेशमा हासिल गरेको शैक्षिक योग्यता भएमा सोको साथमा सम्बन्धित निकायबाट समकक्षता निर्धारण गरेको प्रमाणपत्रको प्रतिलिपि समेत अनिवार्य पेश गर्नु पर्नेछ।

४. **सम्पर्क मिति र स्थान**: २०७५/०६/०९ गतेका दिन बिहान ११:०० बजे, निक्षेप तथा कर्जा सुरक्षण कोष, केन्द्रिय कार्यालय, गहनापोखरी, काठमाण्डौ।

५. **परीक्षा हुने मिति र स्थान**: लिखित परीक्षा लोकसेवा आयोगबाट संचालन हुनेछ र सो सम्बन्धी मिति र स्थान पछि प्रकाशित गरिनेछ।

६. **दरखास्त फारम दस्तुर** : निक्षेप तथा कर्जा सुरक्षण कोषबाट रु. १००।- तिरी कार्यालय समय भित्र दरखास्त फाराम प्राप्त गर्न सकिने छ।

**सदस्य सचिव**
**पदपूर्ति समिति**
**निक्षेप तथा कर्जा सुरक्षण कोष**
**गहनापोखरी, काठमाडौं।**